मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : ३१ ◆ अङ्क : ९० ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०८२ फागुन ३ गते आइतबार (Sunday, 15 February. 2026) नेपाल सम्वत् ११४६ Web : www .purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

## विदेश पठाउँछु भन्दै ठगी

**झापा, फागुन २।** वैदेशिक रोजगारीमा आकर्षक तलबको प्रलोभनमा पारी हङ्गेरी पठाइदिन्छु भन्दै रकम ठगी गरेको अभियोगमा एकजना पक्राउ परेका छन् ।

पक्राउ पर्नेमा गोकर्णेश्वर नगरपालिका-८ बस्ने दोलखा कालिञ्चोक गाउँपालिका-४ का ५६ वर्षीय महेश तामाङ रहेका छन् । अभियुक्तले एक जनाबाट रु. तीन लाख ठगेको उजुरीका आधारमा उनलाई काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयको टोलीले काठमाडौं महानगरपालिका-१२ बाट पक्राउ गरेको हो । उनलाई कारवाहीका निम्ति वैदेशिक रोजगार विभागसमक्ष पेश गरिएको प्रहरीले जनाएको छ ।

## पत्रकार महासंघ झापालाई रू. ५१ हजारसहित सम्मान

### उत्कृष्ट कार्य गरेको भन्दै नवौं श्री भरत भुर्तेल स्मृति पत्रकारिता पुरस्कार २०८२ द्वारा सम्मानित



**इरौंटार (इलाम), फागुन २।** समाजमा सकारात्मक सन्देश प्रवाह गरेको र पत्रकारको दीगो हितमा उत्कृष्ट कार्य गरेको भन्दै नेपाल पत्रकार महासंघ झापा शाखालाई नगद ५१ हजारसहित यस वर्षको श्री भरत भुर्तेल स्मृति पत्रकारिता पुरस्कार प्रदान गरिएको छ ।

शनिबार इलामको रोङ गाउँपालिका-५ इरौंटार, पाखागाउँमा आयोजित समारोहका बीच पत्रकार महासंघ झापाका अध्यक्ष एकराज गिरीलाई उक्त सम्मानपत्र तथा नगद पुरस्कार प्रदान गरिएको थियो ।

पवित्रा-भेषराज खतिवडा स्मृति प्रतिष्ठान बुद्धशान्ति-५ द्वारा आयोजित कार्यक्रमका प्रमुख अतिथि वरिष्ठ पत्रकार तीर्थ कोइराला, प्रतिष्ठानका अध्यक्ष छविलाल खतिवडा, भुर्तेल परिवारका सदस्यहरुले सामुहिक रुपमा पत्रकार महासंघलाई उक्त सम्मान समर्पण गरेका थिए ।

पत्रकार महासंघ झापा शाखाले २०८१ बैशाख ३ गते एक करोड ११ लाख ११ हजार एक सय ११ रुपैयाँको पत्रकार सहारा उपचार अक्षयकोष घोषणा गरी पत्रकारको सामाजिक सुरक्षामा महत्वपूर्ण योगदान पुऱ्याएको भन्दै सम्मान गरिएको जनाइएको छ ।

'पत्रकारिताको क्षेत्रमा समर्पित यस संस्थाले अत्यन्त सराहनीय कार्य गर्दै नेपाल पत्रकार महासंघ झापालाई कोशेढुंगाको रुपमा स्थापित गर्न सफल रहेकाले श्री पवित्रा-भेषराज खतिवडा स्मृति प्रतिष्ठानद्वारा स्थापित नवौं श्री भरत भुर्तेल स्मृति पत्रकारिता पुरस्कार २०८२ द्वारा सम्मानित एवम् पुरस्कृत गर्न पाउँदा हामी गौरवान्वित छौं' -सम्मान पत्रमा भनिएको छ ।

२०४६ साल पुस ९ गते स्थापित पत्रकार महासंघ झापाले समाजलाई सु-सूचित गर्दै पत्रकारहरुको भलाइको निम्ति महत्वपूर्ण कार्य गर्दै आएको भन्दै कार्यक्रममा प्रशंसा गरिएको थियो । पत्रकारिताको क्षेत्रमा कार्यरत पत्रकारहरु बिरामी तथा घाइते हुँदा उपचार खर्च, सुत्केरी राहत, सदस्यका परिवारमा मरिमराउ हुँदा सरहे सहयोग तथा ६५ वर्ष माथिका ज्येष्ठ पत्रकारलाई उक्त अक्षयकोषको ब्याजबाट वार्षिक वृत्ति प्रदान गरिँदै आएको महासंघ झापाका अध्यक्ष गिरीले जानकारी दिए । अध्यक्ष गिरीका अनुसार उक्त पुरस्कार रकमसहित कोषमा अब एक करोड २० लाख ५१ हजार रुपैयाँ पुगेको छ ।

उक्त कार्यक्रममा नगद ५१ हजारसहित रोङ गाउँपालिकाका अध्यक्ष मणिकुमार स्याङ्वो सुवासलाई

*(बाँकी अन्तिम पृष्ठमा)*

# 'लापसे'ले बढायो दुर्घटना

## झापामा दुर्घटना न्यूनीकरण गर्न ट्राफिक प्रहरी नयाँ रणनीति अपनाउँदै

**झापा, फागुन २।** झापामा लागूऔषध सेवन (लापसे) गरेर सवारी चलाउने प्रवृत्ति बढ्दै जाँदा सवारी दुर्घटनाको जोखिम उच्च भएको पाइएको छ ।

जिल्ला ट्राफिक प्रहरी कार्यालय झापाले पछिल्लो समय गरेको चेकजाँचका क्रममा लागूऔषध सेवन गरेर सवारी चलाउने प्रवृत्ति बढेसँगै दुर्घटनाको जोखिम पनि बढेको पाइएको हो ।

प्रहरीका अनुसार लागूऔषध सेवन गर्नकै लागि धेरै नेपाली भारतको पानीट्यांकी जाने गरेका छन् । त्यहाँबाट फर्किने नेपालीहरू माथि गरिएको लापसे चेकजाँचका क्रममा करिब आधाजतिले लागूऔषध सेवन गरेर आएको भेटिएको छ ।





लागूऔषध सेवन गरेर सवारी चलाउँदा दुर्घटनाको जोखिम मद्यपान (मापसे)भन्दा पनि उच्च देखिएको ट्राफिक प्रहरीको भनाइ छ ।

जिल्ला ट्राफिक प्रहरी कार्यालय झापाका प्रहरी निरीक्षक सन्तोष राईका अनुसार काँकरभिट्टामा गरिएको चेकजाँचका क्रममा २९ जना अटो, सिटी तथा मोटरसाइकल चालकलाई परीक्षण गर्दा १३ जनाले लागूऔषध सेवन गरेको भेटिएको थियो ।

मेचीनगर-६ स्थित मेची पुलमा जिल्ला प्रहरी कार्यालय झापा, जिल्ला ट्राफिक प्रहरी कार्यालय झापा, इलाका प्रहरी कार्यालय काँकरभिट्टाको संयुक्त आयोजनामा लायन्स क्लव अफ मेचीनगर र मेचीनगर आधारभूत अस्पतालको सहकार्यमा लापसे चेकजाँच गरिएको थियो । सो क्रममा दुई महिला र ११ पुरुषले लागूपदार्थ सेवन गरेर सवारी चलाएको पाइएको थियो ।

ट्राफिक प्रहरीका अनुसार हाल चेकजाँचका लागि आवश्यक उपकरण पर्याप्त नभए पनि नेपाल प्रहरी र लागूऔषध नियन्त्रण ब्युरोसँगको सहकार्यमा लापसे चेकजाँचलाई थप कडाइ गरिने प्रहरीले जनाएको छ । राजमार्ग, शहरी क्षेत्र तथा ग्रामीण सडकमा नियमित रूपमा मापसे चेकजाँच हुँदै आए पनि दुर्घटना नघटेपछि लापसे चेकजाँच शुरु गरिएको हो । लागूऔषध सेवन गरेर सवारी चलाउँदा भित्री सडकमा समेत दुर्घटना बढेको तथ्यांकले देखाएको छ ।

माघ महिनामा मात्र झापामा सवारी दुर्घटनामा परी २० जनाको ज्यान गएको जिल्ला ट्राफिक प्रहरी कार्यालयले जनाएको छ । लागूऔषध सेवनका कारण चालकको मानसिक अवस्था असन्तुलित हुने, प्रतिक्रिया समय ढिलो हुने तथा जोखिमको आँकलन गर्ने क्षमता घट्ने भएकाले दुर्घटनाको सम्भावना उच्च हुने ट्राफिक प्रहरीको विश्लेषण छ ।

गत वर्ष झापामा चार सय ७१ जना लागूऔषध मुद्दामा पक्राउ परेका थिए । जिल्ला प्रहरी कार्यालय झापाका प्रहरी उपरीक्षक बसुन्धरा खड्काका अनुसार झापाको भारत सीमा एक सय ४४ दशमलव दुई किलोमिटर खुला रहेकाले लागूऔषध ओसारपसारमा सहज हुने भएकाले पनि झापामा लागूऔषधको अवस्था भयावह छ । जिल्ला प्रहरी कार्यालयको मातहतमा मुद्दा चल्ने र प्रहरी इकाईमा दर्ता हुने मुद्दामध्ये करिब ७० देखि ७५ प्रतिशत मुद्दा लागूऔषधसँग सम्बन्धित रहेको उनको भनाइ छ ।

झापा लागूऔषध सेवनकर्ता र बेचबिखन सञ्जालको एउटा प्रमुख नाकाका रूपमा देखिएको प्रहरी उपरीक्षक खड्काले बताइन् । निर्वाचन सुरक्षालाई लक्षित गर्दै सीमा नाकामा लागूऔषध चेकजाँचलाई कडाइ गरिएको र निर्वाचनपछि लागूऔषध नियन्त्रणमा विशेष अभियान सञ्चालन गरिने तयारी गरिएको प्रहरी उपरीक्षक खड्काले बताइन् ।

विगतमा सञ्चालन गरिएका कार्यक्रमहरूको समीक्षा गर्दै दुर्व्यसन न्यूनीकरणका लागि दीर्घकालीन योजना अघि बढाइने प्रहरीले जनाएको छ । चालू आर्थिक वर्षको पछिल्लो सात महिनामा झापामा लागूऔषध मुद्दामा दुई सय ४५ जना पक्राउ परेका छन् । सो अवधिमा प्रहरीले एक केजी छ सय नौ ग्राम सात सय १२ मिलिग्राम ब्राउनसुगर, चार केजी दुई सय ४९ ग्राम तीन सय १० मिलिग्राम सुख्खा गाँजा बरामद गरेको छ ।

त्यस्तै ट्रामाडोल हाइड्रोक्लोराइडका एक हजार आठ सय ७० एम्पुल, एक लाख तीन हजार आठ क्याप्सुल र चार हजार एक सय १४ ट्याब्लेट बरामद गरिएको छ । त्यसैगरी डाइसाइक्लोमिन ९७ हजार ट्याब्लेट, सिल्डेनाफिल आठ हजार नौ सय ट्याब्लेट, टर्मिपिल किट्स सात हजार छ सय ५० ट्याब्लेट, स्पाइसपेन दुई हजार पाँच सय ६८ ट्याब्लेट, नाइट्रोसन ५५ ट्याब्लेट र डेकोलिक ६४ ट्याब्लेट बरामद गरिएको छ । बरामद ट्याब्लेटको कूल संख्या एक लाख २० हजारभन्दा बढी रहेको प्रहरीले जनाएको छ ।

## 'बरु नष्ट हुन्छौं, भ्रष्ट हुँदैनौं'

**झापा, फागुन २।** राप्रपाले उच्चस्तरीय नागरिक आयोग गठन गरी २०४६ पछिका उच्च पदस्थ नेता तथा कर्मचारीहरूको सम्पत्ति छानबिन गरी अवैध सम्पत्ति जफत गर्ने कानूनी व्यवस्था मिलाउने सङ्कल्प गरेको छ ।

शनिबार अध्यक्ष राजेन्द्र लिङ्देनले सार्वजनिक गरेको घोषणापत्रमा भ्रष्टाचार सम्बन्धी सूचना दिनेलाई संरक्षण तथा प्रोत्साहन गर्न सूचक संरक्षण ऐन बनाई लागु गरिने उल्लेख छ ।

नीतिगत तथा कार्यगत क्षेत्रमा देखिएका भ्रष्टाचार तथा अनाचार अन्त्य गर्न सार्वजनिक पद धारण गर्ने पदाधिकारीलाई कानूनी दायरामा ल्याउन स्वार्थको

*(बाँकी अन्तिम पृष्ठमा)*

## दिदी-बहिनीबीच कपाल लुछालुछ हुँदा बहिनीको मृत्यु

**झापा, फागुन २।** जिल्लाको फाकफोकथुम क्षेत्रमा दिदीबहिनीबीच भएको झगडामा एक महिलाको मृत्यु भएको छ ।

प्रहरीका अनुसार फाकफोकथुम गाउँपालिका-१ ठिङ्गेपुरमा घरायसी विषयलाई लिएर स्थानीय खम्बसिंह लिम्बूकी २९ वर्षीया छोरी अञ्जली लिम्बू र उनका काका खेमबहादुर लिम्बूकी ३७ वर्षीया छोरी पुष्पा लिम्बूबीच विवाद भएको थियो ।

विवाद चर्किँदै जाँदा कपाल लुछालुछसम्मको झगडा भएको र सोही क्रममा अञ्जली गम्भीर घाइते भएकी थिइन् । घटनापछि उनलाई उपचारका लागि लैजाने क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ ।

इलाका प्रहरी कार्यालय मंगलबारेबाट आवश्यक कानूनी प्रक्रिया पूरा गरी शव पोस्टमार्टमका लागि जिल्ला अस्पताल इलाम हुँदै एम्बुलेन्स मार्फत बी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरान पठाइएको छ ।

झगडामा संलग्न पुष्पा लिम्बूलाई प्रहरीले नियन्त्रणमा लिएको छ । घटनाबारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय इलामले जनाएको छ ।

## गाईसँग अप्राकृतिक यौन क्रिया गरेको भेटेपछि...

**झापा, फागुन २।** झापाको बिर्तामोड नगरपालिका-२ चैतुबारीमा गाईसँग अप्राकृतिक यौन क्रिया गरिरहेको अवस्थामा एक जनालाई स्थानीयले नियन्त्रणमा लिएर प्रहरीको जिम्मा लगाएका छन् ।

जिल्ला प्रहरी कार्यालयका अनुसार फागुन १ गते चैतुबारी बस्ने कुसलाल राजवंशीको गाई सोही स्थानका रञ्जीत राजवंशीको खाली खेतमा चर्दै गरेको अवस्थामा एक व्यक्ति गाईसँग करणी गर्दै गरेको देखिएको थियो । स्थानीयबासीले ती व्यक्तिलाई नियन्त्रणमा लिएर प्रहरीलाई खबर गरेका थिए ।

सूचना पाएलगत्तै इलाका प्रहरी कार्यालय घैलाडुब्बाबाट प्रहरी नायब निरीक्षक विनोद श्रेष्ठको

*(बाँकी अन्तिम पृष्ठमा)*

## ट्रक पल्टिँदा चार जना घाइते

**झापा, फागुन २ ।** झापाको बुद्धशान्ति गाउँपालिका-५ गढीगाउँस्थित भित्री सडक खण्डमा गोलिया बोकेको ट्रक पल्टिँदा चार जना घाइते भएका छन् । घाइतेमध्ये दुई जनाको अवस्था गम्भीर रहेको प्रहरीले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालयका प्रहरी नायव उपरीक्षक खगेन्द्रवहादुर खड्काका अनुसार ठुटेबरबाट मंगलबारेतर्फ जाँदै गरेको ना ६ ख ७९५४ नम्बरको ट्रक अनियन्त्रित भई सडकको बाँया साइडमा पल्टिएको थियो । दुर्घटनामा ट्रक चालकसहित लोड-अनलोडमा संलग्न कामदारहरु घाइते भएका हुन् ।

घाइते हुनेमा अर्जुनधारा नगरपालिका-१० बस्ने ४० वर्षीय ट्रक चालक अनुकुमार चौधरी रहेका छन् । छाती र टाउकोमा चोट लागेको उनको बिर्तासिटी अस्पतालमा उपचार भइरहेको छ ।

यसैगरी अर्जुनधारा-३ बस्ने २८ वर्षीय मुकेश मगरको दाहिने हात र खुट्टामा चोट लागेको छ । उनको अवस्था मध्यम रहेको अस्पतालले जनाएको छ ।

अर्जुनधारा-३ कै ३० वर्षीय अमिर तामाङको टाउको, देब्रे खुट्टा र नाकमा चोट लागेको छ । बोल्न नसक्ने अवस्थामा रहेका उनको अवस्था गम्भीर रहेको

*(बाँकी अन्तिम पृष्ठमा)*

# कांग्रेस, एमाले र रास्वपाको घोषणापत्र खोइ ?

**झापा, फागुन २।** प्रतिनिधिसभा निर्वाचनका लागि मतदान हुन २२ दिन मात्र बाँकी हुँदा पनि अधिकांश राजनीतिक दलहरूको चुनावी घोषणापत्र नआउँदा चासो व्यक्त हुन थालेको छ ।

ठूला भनिने दलहरू मध्ये नेपाली कम्युनिस्ट पार्टी बाहेक बुधबारसम्म नेपाली कांग्रेस, नेपाल कम्युनिस्ट पार्टी एमाले, राष्ट्रिय स्वतन्त्र पार्टी कसैले पनि घोषणापत्र ल्याएका छैनन् । ती दलका नेताहरूले चुनावी घोषणापत्रको तयारी 'अन्तिम चरणमा' पुगेको बीबीसीलाई बताएका छन् ।

निर्वाचन आयोगले फागुन ३ गतेसम्म घोषणापत्र ल्याइसक्न भनेको छ । त्यसैले त्यस बेलासम्म घोषणापत्र सार्वजनिक आइसक्ने विश्वास व्यक्त गरेका छन् । तर, एकजना भूतपूर्व निर्वाचन आयुक्तले दलहरूको घोषणापत्र आउन ढिलो भएको भन्दै उनीहरूका प्रतिबद्धता बुझ्नका लागि जनताले पर्याप्त समय पाउनुपर्ने बताए ।

**केही दिनभित्र आउने**

यो चुनावका लागि केही दलले घोषणापत्र, केहीले 'प्रतिबद्धतापत्र', केहीले 'सङ्कल्पपत्र' र केहीले 'वाचापत्र' सार्वजनिक गरेका छन् ।

नेताहरूले घोषणापत्रमा काम भइरहेको र अबका केही दिनभित्रै सार्वजनिक गर्ने बताएका छन् । विगतका अभ्यास झैं यसपालि पनि प्रतिबद्धतापत्र सार्वजनिक गरिने नेपाली कांग्रेसका नेता गुरुराज घिमिरेले बताए ।

यसपाली अलि प्रभावकारी ढङ्गले घोषणापत्र ल्याउने प्रयासमा आफूहरू रहेको एमाले नेता महेश बर्तौला बताउँछन् । उनले भने- 'निर्वाचन आयोगले दिएको समयसीमा अनुसार केही दिनभित्रै घोषणापत्र सार्वजनिक गर्ने छौं ।'

राष्ट्रिय स्वतन्त्र पार्टीका उपसभापति डीपी अर्यालका अनुसार फागुन ४ गते घोषणापत्र सार्वजनिक गर्ने पार्टीको योजना थियो । 'फागुन ४ गते त हाम्रो योजना नै हो, तर आयोगले ३ गतेभित्र गर्न भनिसकेपछि अब त्यो समयसीमाभित्र ल्याउँछौं' -उनले भने ।

प्रमुख राजनीतिक दलहरू मध्ये घोषणापत्र ल्याउनेमा नेपाली कम्युनिस्ट पार्टी चाहिँ पहिलो बनेको बताइएको छ । 'सो पार्टीले मङ्गलबार घोषणापत्र सार्वजनिक गरेको थियो । समय पनि घर्किसकेकै हो । घोषणापत्र तल फील्डसम्म पुगोस् भनेर समयमै ल्याएका हौं, पहिलो हुनलाई चाहिँ होइन' -पार्टीका नेता अग्नि सापकोटाले भने ।

**कानून बमोजिम 'अनिवार्य'**

निर्वाचन आयोगले फागुन ३ गतेभित्र चुनावी घोषणापत्र सार्वजनिक गर्न दलहरूलाई मङ्गलवार औपचारिक रूपमै निर्देशन दिएको थियो ।

'निर्वाचन आचारसंहिता, २०८२ को दफा ३७ बमोजिम घोषणापत्र सार्वजनिक गरी राजनीतिक दलले निर्वाचन आयोगमा र उम्मेदवारले सम्बन्धित निर्वाचन कार्यालयमा पेश गर्न राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ५७ बमोजिम निर्देशन दिइएको हो' -आयोगका सहायक प्रवक्ता कुलबहादुर जीसीले भने ।

चुनावी घोषणापत्र सार्वजनिक नगर्ने राजनीतिक दलहरूलाई कस्तो कारवाही हुने भन्नेबारे किटान गरेर कतै केही उल्लेख नगरिएको आयोगका अधिकारीहरू बताउँछन् । तर सहायक प्रवक्ता जीसीले भने- 'ठ्याक्कै यो कारबाही भन्ने स्पष्ट छैन । तथापि निर्वाचन आचारसंहिता, निर्वाचन कसुर तथा सजाय ऐन लगायतका कानूनहरू आवश्यकता अनुसार आकर्षित हुन सक्छन् ।'

**प्रतिबद्धता 'समयमै पुग्नुपर्छ'**

निर्वाचन आयोगले चुनाव प्रचारप्रसारका लागि फागुन ४ गतेदेखि १८ गतेसम्मको समय तोकेको छ ।

*(बाँकी अन्तिम पृष्ठमा)*



प्रा.जि.हु.क नं. ५१/०६६/०६७, प्रा.जि.प्र.का.द.नं. ४५/०५२/०५३ पूर्वाञ्चल दैनिक

# आर्मी पराजित, मच्छिन्द्र फाइनलमा



**बिर्तामोड, फागुन २।** विदेशी खेलाडी चम्किँदा मच्छिन्द्र फुटबल क्लबले चारपटकको झापा गोल्डकप विजेता त्रिभुवन आर्मी फुटबल क्लबलाई ४-० ले पराजित गर्दै फाइनल प्रवेश गरेको छ।

मच्छिन्द्रका स्ट्राइकरसमेत रहेका विदेशी खेलाडी जोनाथन जोरिल्लाको ह्याट्रिकको मद्दतमा मच्छिन्द्र फाइनल प्रवेश गरेको हो। मच्छिन्द्रले उपाधिका लागि सशस्त्र प्रहरीको एपीएफ फुटबल क्लबसँग प्रतिस्पर्धा गर्ने आयोजकले जनाएको छ।

मच्छिन्द्रले खेलको चौथो मिनेटमै अग्रता लिएको थियो। मच्छिन्द्रका लागि जोनाथनले गोल गरेका थिए। अयोला हमजातको क्रस पासमा डिबक्समा अनमार्क रहेका जोरिल्लाले वान टचमा गोल गरेका हुन्। खेलको २४ औं मिनेटमा मच्छिन्द्रले पेनाल्टी पायो। जोरिल्लाको फ्रिकिक प्रहारमा आर्मीका खेलाडीको डिबक्समा ह्यान्डबल भएपछि मच्छिन्द्रले पेनाल्टी पाएको थियो। उनै जोरिल्लाले पेनाल्टीलाई सदुपयोग गर्दै अग्रता दोब्बर बनाए।

पहिलो हाफ २-० को बराबरी भएपछि दोस्रो हाफमा आर्मी दबाबमा परेको थियो। मच्छिन्द्रले खेलको ५२ मिनेटमा अर्को गोल थपेर खेलमा जित सुनिश्चित गरेको थियो। आर्मीका डिफेन्डरले क्लियर गर्न नसकेको बललाई प्रदीप बुढाथोकीले डिबक्समा पास मिलाइदिएका थिए। सो बललाई जोरिल्लाले पोष्टको दिशा दिएका थिए।

खेलको अतिरिक्त समयमा मच्छिन्द्रका सब्सिच्युट खेलाडी रेजिन सुब्बाले एक गोल थपे। मैदानको मध्यभागमा पाएको बललाई आर्मीका दुई डिफेन्डरलाई बिट गरेर एकल प्रयासमा उनले गोल गरेका थिए।

खेलको १७ औं मिनेटमा सौरभ लिम्बू र अतिरिक्त समयमा अभिषेक स्याङ्तानले सदुपयोग गर्न नसक्दा गोल अन्तर बढाउने मौका गुमाएको थियो।

मच्छिन्द्रसामु आर्मीको प्रदर्शन फितलो रह्यो। खेलको नवौं मिनेटमा डिबक्समा रहेका आर्मीका नवीन लामाको फ्रिहेडर बारमाथिबाट बाहिरियो। ७० औं मिनेटमा दिनेश हेन्जनले बक्सभित्र पाएको बल सदुपयोग गर्न सकेनन्।

खेलको प्लेयर अफ द म्याच विजेता टिम मच्छिन्द्रका जोनाथन जोरिल्ला घोषित भए। उनले नगद २५ हजार रुपैयाँ पुरस्कार पाए। प्रतियोगिताभरि प्लेयर अफ द म्याचको पुरस्कार अमेरिका निवासी रोशनलाल श्रेष्ठ तथा उनका साथीहरुले प्रदान गर्दै आएका छन्।

यसैबीच, प्रतियोगितामा बिर्तामोडको महेन्द्ररत्न स्टोर्सले प्रत्येक दिन टिकट लिएर खेल हेर्ने दर्शकमध्ये एकजनालाई एकथान टेलिभिजन उपलब्ध गराउँदै आएको छ। त्यस्तै, पहिलो दिनदेखि फाइनल खेलसम्म टिकट लिएर एकजना दर्शकलाई यामाहाको स्कुटर प्रदान गरिने आयोजकले जनाएको छ।

प्रतियोगिताको विजेताले नगद १५ लाख र उपविजेताले ७ लाख ५० हजार रुपैयाँ पुरस्कार पाउनेछन्। प्रतियोगिताको उत्कृष्ट खेलाडीले यामाहा कम्पनीको एउटा मोटरसाइकल प्राप्त गर्ने आयोजकले जनाएको छ। विधागततर्फ उत्कृष्ट कोच, हाई स्कोरर र उत्कृष्ट गोलकिपरले जनही ३५ हजार रुपैयाँ पुरस्कार पाउने छन्। प्रतियोगिताको फाइनल खेल फागुन ४ गते हुने आयोजक समितिले जनाएका छन्।

# प्रज्ञा एकेडेमीको वार्षिकोत्सव तथा फुड फेस्टिबल



**भद्रपुर, फागुन २।** भद्रपुर-९ स्थित प्रज्ञा एकेडेमी चन्द्रगढीले ३५औं वार्षिकोत्सव, पुरस्कार वितरण तथा फुड फेस्टिबल कार्यक्रम सम्पन्न गरेको छ।

भद्रपुर नगरपालिकाका प्रमुख गणेश पोखरेलले कार्यक्रमको उद्घाटन गरेका थिए। प्रज्ञा एकाडेमीले यस पटक दुई दिन कार्यक्रममा मनाएका थिए। पहिलो दिन नर्सरीदेखि कक्षा ५ सम्म र दोस्रो दिन कक्षा ६ देखि १० सम्मका विद्यार्थी तथा अभिभावकको उपस्थितिमा कार्यक्रम भएको थियो।

कार्यक्रममा विद्यालयमा लामो समयसम्म लेखापालको रुपमा सेवा गरेर अवकाश लिएकी पूर्व कर्मचारी कविता खनाल र सोही विद्यालयमा कार्यरत यमुना क्षेत्रीलाई नगद ११ हजार एक सय ११ सहित सम्मान गरिएको थियो।

त्यस्तै सोही विद्यालयबाट २०६३ सालको एसएलसी परीक्षामा झापा प्रथम एवम् सारलेण्ड युनिभर्सिटी जर्मनीबाट विद्यावारिधि प्राप्त गरी रिसर्च वैज्ञानिकको रुपमा कार्यरत डा. प्रतीक भण्डारीलाई नगदसहित सम्मान गरिएको थियो।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष माया मैनाली पाण्डेको अध्यक्षता तथा भद्रपुर नगर प्रमुख गणेश पोखरेलको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा प्रज्ञा एकेडेमीका प्रधानाध्यापक इशुभ पाण्डेले विद्यालयको गतिविधि एवम् भावी शैक्षिक कार्यक्रमका बारेमा प्रकाश पारेका थिए।

कार्यक्रममा नगर उपप्रमुख राधा कार्की, प्याप्सन भद्रपुरका अध्यक्ष भक्तबहादुर कार्की, भद्रपुर नगरपालिका शिक्षा शाखाका प्रतिनिधि प्रेमबहादुर भुजेल, प्रज्ञा एकेडेमी अभिभावक संघका सचिव देवीचरण भण्डारी, लेखनाथ पुस्तकालयका सभापति नवराज घिमिरे, समाजसेवी डिल्लीराम खतिवडा, प्रज्ञा एकेडेमीका संस्थापक सदस्य लीलाराज खतिवडा, पूर्व शिक्षक राजेन्द्र खनाल, पत्रकारद्वय द्रोण अधिकारी र पार्थ मण्डल लगायतको उपस्थिति थियो।

कार्यक्रममा विद्यार्थीहरूलाई पुरस्कार वितरण गर्नुका साथै विद्यार्थीहरू आफैले उत्पादन गरेका खाद्य सामग्रीहरू समेत प्रदर्शन गरेका थिए। विद्यालयको शिक्षा प्रमुख शेखर पाण्डेले स्वागत गरेको कार्यक्रमको सञ्चालन शिक्षकहरू बसन्त अधिकारी र हेमा प्रधानले गरेका थिए।

## प्रधान सेनापतिको निर्देशन
# निर्वाचन शान्तिपूर्ण रुपमा गराउनू

**काठमाडौं, फागुन २।** प्रधान सेनापति अशोकराज सिग्देलले आसन्न प्रतिनिधिसभा सदस्यको निर्वाचनलाई शान्तिपूर्ण रुपमा सम्पन्न गराउन विशेष निर्देशन दिएका छन्।

महाशिवरात्रि तथा २६२औं सेना दिवसका अवसरमा शनिबार सैनिक मुख्यालयमा आयोजित विशेष कार्यक्रममा नेपाली सेनाका सकल दर्तालाई शुभकामनासहित सम्बोधन गर्दै उनले नेपाली सेनाले विभिन्न क्षेत्रहरुमा निर्वाह गर्दै आइरहेको जिम्मेवारीलाई उत्कृष्ट ढंगले पूरा गर्ने क्रममा निर्वाचनलाई शान्तिपूर्ण रुपमा सम्पन्न गराउन समेत विशेष निर्देशन दिए।

उनले नेपालको गौरवमय गाथा, परम्परा, संस्कृति, चिन्न, गौरव गर्न तथा इतिहासका पाठहरुबाट सिक्न, नेपाल र नेपालीको इतिहास अध्ययन र अध्यापन गराउन समेत निर्देशन दिएको सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयले जनाएको छ।

शनिबार आयोजित एक फरक कार्यक्रममा उनले कर्तव्य पालनाको सिलसिलामा जीवन उत्सर्ग गर्ने सैनिकहरुको सम्मानमा वीर स्मारक तथा सैनिक मञ्च टुँडिखेलमा श्रद्धासुमन अर्पण गरेका थिए।

त्यसैगरी उनले छाउनीस्थित वीर स्मारकमा पनि वीरगति प्राप्त सैनिकका परिवारलाई सम्मान गरेको निर्देशनालयले जनाएको छ।

## बङ्गलादेश : जमातद्वारा चुनावी हार स्वीकार

**बिर्तामोड, फागुन २।** बङ्गलादेशको राजनीतिक सङ्क्रमणपछि सम्पन्न पहिलो संसदीय निर्वाचनमा पराजित भएको बङ्गलादेश जमात-ए-इस्लामीले अन्ततः नतिजा स्वीकार गरेको घोषणा गरेको छ।

विपक्षी बङ्गलादेश नसनालिस्ट पार्टी (बिएनपी) ले स्पष्ट बहुमतसहित विजय हासिल गरेपछि जमातले 'समग्र परिणाम' लाई मान्यता दिने जनाएको हो।

सन् २०२४ को घातक विद्रोहपछिको पहिलो आमनिर्वाचन सम्पन्न भएको थियो। निर्वाचन आयोगद्वारा सार्वजनिक तथ्याङ्कअनुसार बिएनपी नेतृत्वको गठबन्धनले २१२ सिट जितेको छ भने जमात नेतृत्वको गठबन्धनले ७७ सिटमा विजय हासिल गरेको छ। प्रारम्भिक चरणमा केही 'विसङ्गति र मनगढन्त' आरोप लगाउँदै आयोगसँग समाधान खोज्ने बताएका ६७ वर्षीय जमात प्रमुख शफिकुर रहमानले शनिबार भने औपचारिक रूपमा हार स्वीकार गरेका थिए।

# चिया उद्योगसम्बन्धी चीनको नयाँ रणनीति

**बिर्तामोड, फागुन २।** चीनले २०३० सम्म आफ्नो चिया उद्योगलाई कूल १.५ लाख करोड युआनको अर्थतन्त्रमा रूपान्तरण गर्ने लक्ष्य राखेको छ।

यसका लागि देशका पाँच सरकारी विभागहरूले नयाँ मार्गनिर्देशन जारी गरेका छन्।यस योजना अनुसार चिया उद्योगको गुणस्तर र दक्षता सुधार गरिनेछ र उद्योगलाई आधुनिक, वातावरणमैत्री र अन्तर्राष्ट्रिय रूपमा प्रतिस्पर्धी बनाउने प्रयास गरिनेछ।

२०२८ सम्म प्रमुख चिया उत्पादन क्षेत्रहरूमा निरन्तर प्रगति र गुणस्तर वृद्धिलाई सुनिश्चित गरिनेछ। यस अन्तर्गत उत्पादन शृङ्खलामा आधुनिक प्रविधि प्रयोग, विविध उत्पादन विस्तार र उपभोक्तालाई अझ राम्रो सेवा पुर्‍याउने योजना बनाइएको छ।

मार्गनिर्देशनले विज्ञान र प्रविधि नवप्रवर्तनलाई बलियो बनाउन, बजारलाई प्रोत्साहन दिन र विशेष उद्योग क्लस्टरको विकास अघि बढाउन जोड दिएको छ।

कच्चा चियालाई घरेलु सामग्री, दैनिक उपभोगका उत्पादन, सौन्दर्य प्रशाधन र स्वास्थ्य क्षेत्रहरूमा प्रयोग बढाउने योजना पनि बनाइएको छ।

## ट्रक …

चिकित्सकले बताएका छन्।

त्यस्तै २२ वर्षीय राकेश तामाङको देब्रे खुट्टा र चिउँडोमा चोट लागेको छ। उनी पनि बोल्न नसक्ने अवस्थामा रहेका र अवस्था गम्भीर रहेको बताइएको छ।

चालकले सवारी चालक अनुमति पत्र प्राप्त गरेको र मादक पदार्थ सेवन नगरेको प्रारम्भिक अनुसन्धानबाट खुलेको प्रहरीले जनाएको छ। दुर्घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

## गाई…

कमाण्डमा टोली खटिएको थियो। घटनास्थल सुरक्षित राखी संलग्न व्यक्तिलाई नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ।

पक्राउ पर्नेमा भारत, पश्चिम बंगाल, अलीपुरद्वार घर भई हाल बिर्तामोड-२ चैतुबारीस्थित कन्काई प्लाइ फ्याक्ट्रीमा कार्यरत अन्दाजी ३८ वर्षीय बिपुल रोय रहेका छन्।

घटनाको थप अनुसन्धानका लागि इलाका प्रहरी कार्यालय अनारमनीबाट प्रहरी निरीक्षक श्रेष्ठको नेतृत्वमा टोली खटिएको थियो। आवश्यक कानूनी प्रक्रिया पूरा गरी उनलाई इलाका प्रहरी कार्यालय अनारमनीमा राखिएको प्रहरीले जनाएको छ।

## पत्रकार …

छत्र खतिवडा स्मृति प्रथम सिर्जनशील पुरस्कार प्रदान गरिएको थियो। त्यस्तै पवित्रा-भेषराज खतिवडा स्मृति सामुदायिक विद्यालय स्तरीय शैक्षिक पुरस्कार समेत वितरण गरियो। जस अन्तर्गत उत्कृष्ट विद्यालयको रुपमा नगद ७५ हजारसहित मेचीनगर-१३ चारआलीस्थित शहीद दशरथ चन्द माविलाई सम्मान गरियो। विद्यालयका प्रधानाध्यापक लेखनाथ पौडेलसहित विद्यालयको टिमले सम्मानपत्र ग्रहण गरेका थिए। उत्कृष्ट शिक्षक पुरस्कार शान्ति आदर्श माविका प्रधानाध्यापक पूर्णबहादुर राईलाई प्रदान गरियो भने उत्कृष्ट विषयगत शिक्षक पुरस्कार मेचीनगर-११ स्थित बलभद्र जनता माविका विज्ञान विषयका शिक्षक देवीप्रसाद खतिवडालाई प्रदान गरियो।

प्रतिष्ठानले लोपोन्मुख जाति छात्रवृत्तितर्फ शान्ति आदर्श माविमा कक्षा ११ मा अध्ययनरत् सोनाम लाप्चा र विनिशा लाप्चालाई पुरस्कृत गर्‍यो। त्यस्तै २०८१ सालको एसईईमा सर्वोत्कृट जीपीए प्राप्त गर्ने धुलाबारी माविका सभियन प्रधान र कृषा ओझालाई पुरस्कृत गरियो। उक्त पुरस्कारको राशि जनही सात हजार पाँच सय रहेको छ।

प्रतिष्ठानका अध्यक्ष छविलाल खतिवडाको अध्यक्षतामा भएको कार्यक्रममा परिवारका ज्येष्ठ सदस्यको रुपमा रामप्रसाद खतिवडा (८२)लाई सम्मान गरिएको थियो। छनौट समितिका सदस्य शिवकुमार पौडेलले शैक्षिक पुरस्कारहरुको घोषणा गरेका थिए। अग्रज पत्रकार चन्द्र भण्डारीको संयोजकत्वमा सदस्यहरु शिवकुमार पौडेल, जय भण्डारी र शिरो सान्दाइ रहेको छनोट समितिले पुरस्कृत प्रतिभा र संस्थाको छनोट गरेको पत्रकार दीपेन्द्र पौडेलले जानकारी दिए।

कार्यक्रममा प्रमुख अतिथि वरिष्ठ पत्रकार कोइरालाले समाजमा सफल व्यक्ति र संस्थालाई सम्मान गर्ने संस्कारको थालनी गरेर प्रतिष्ठानले प्रेरणादायी काम गरेको भन्दै प्रशंसा गरेका थिए। कार्यक्रममा संस्थाका संरक्षक शारदाप्रसाद शर्मा, पत्रकार महासंघ झापाका अध्यक्ष एकराज गिरी, रोङ गाउँपालिकाका अध्यक्ष मणिकुमार स्याङ्बो, उपाध्यक्ष विष्णुमाया भुजेल लगायतले मन्तव्य राखेका थिए। कार्यक्रमको सञ्चालन प्रतिष्ठानका सचिव तथा ज्येष्ठ पत्रकार शिरो सान्दाइ खतिवडाले गरेका थिए। कार्यक्रममा विभिन्न क्षेत्रका व्यक्तिहरुको उल्लेख्य उपस्थिति रहेको थियो।

## कांग्रेस …

आयोगले मतदाता शिक्षा कार्यक्रम थालिसकेकाले दलहरूका प्रतिबद्धताहरू पनि समयमै मतदातासम्म पुग्नुपर्ने पूर्व प्रमुख निर्वाचन आयुक्त नीलकण्ठ उप्रेतीको तर्क छ। 'दलहरूले अझ ढिलो गर्न नहुने हो। उहाँहरूकै दृष्टिकोणबाट पनि ढिलो गर्दा राम्रो हुँदैन'- उनले भने।

नयाँ र पुराना दलहरूबीच मुख्य प्रतिस्पर्धा हुने देखिएको पृष्ठभूमिमा प्रमुख दलहरूले एकअर्कालाई कुरेको पनि हुन सक्ने उप्रेतीको आकलन छ। 'पहिला त्यसले ल्याओस् र उसका कुरा काट्ने गरी अझ राम्रो म ल्याउँछु भनेर एकअर्कालाई पर्खेको पनि हुन सक्ने मेरो एउटा आकलन हो' -उनले भने।

नेताहरूले आफ्नो नेतृत्वमा के-के कुरा कसरी गर्ने भन्नेबारे स्पष्ट र पूरा हुने घोषणापत्र लिएर आउने बताइरहेका छन्। यद्यपि ठूला-ठूला वाचा गर्ने र पूरा नभए पनि त्यसप्रति उत्तरदायी नहुने गरेको भन्दै दलहरूका घोषणापत्रलाई लिएर विगतदेखि आलोचना हुँदै आएको देखिन्छ।

## बरू …

द्वन्द्व सम्बन्धी कानून जारी गरिने, अन्तर्राष्ट्रिय आर्थिक मान्यता एवम् देशको परिस्थिति र आवश्यकतालाई दृष्टिगत गर्दै विद्यमान सम्पत्ति शुद्धीकरण ऐनमा सुधार ल्याइने, राजनीतिक हस्तक्षेप मुक्त संवैधानिक नियुक्तिको व्यवस्था गरिने उल्लेख छ।

न्यायपालिकामा देखिएको विकृति र विसङ्गति अन्त्य गर्न गुमेको विश्वसनीयता पुनर्स्थापित गर्न र पूर्ण न्यायिक बनाउन न्यायपालिकामा पुनर्संरचना/ पुनर्नियुक्तिको व्यवस्था गरिने पनि समेटेको छ।

राप्रपाले अभिभावकीय संस्थाको रूपमा राजसंस्था, वर्तमान खर्चिलो र अस्थिर निर्वाचन प्रणालीमा व्यापक परिवर्तन र सुधार, प्रदेशको खारेजी, केन्द्र र बलियो स्थानीय तह भएको दुई तहको शासकीय संरचना, सर्वधर्म समभाव पूर्ण धार्मिक स्वतन्त्रता सहितको वैदिक सनातन धर्म सापेक्ष हिन्दू राष्ट्र र गैरदलीय स्थानीय तहको एजेन्डा पनि अघि सारेको छ।

Advance Pathology Lab

विश्वसनीय स्वास्थ्य परीक्षणको लागि तपाईंको आफ्नै ल्याब
हामीकहाँ आधुनिक प्रविधिबाट सुसज्जित प्रयोगशाला, अनुभवी प्राविधिक र छिटो तथा भरपर्दो रिपोर्टको व्यवस्था छ।

तपाईंको स्वास्थ्य, हाम्रो जिम्मेवारी।

- छिटो र भरपर्दो रिपोर्ट
- आधुनिक मेसिन र अनुभवी टेक्निसियन
- सबै प्रकारका रगत तथा पिसाब परीक्षण
- उचित शुल्कमा गुणस्तरीय सेवा

Advance Pathology Lab
ISO 15189 -2022 certified lab
Birtamode-1, Charpane, Jhapa
023-536070, 9817032003
Email:advancelab2010@gmail.com


बिर्तामोडमा 4D भिडियो एक्स-रे र ल्याव सेवा

वरिष्ठ रेडियोलोजिष्ट डा. संजयकुमार गुप्ताद्वारा
निशा एडभान्स अल्टासाउण्ड एण्ड डायग्नोष्टिक क्लिनिकमा

- प्रत्येक दिन बिहान ६:०० बजेदेखि ८:३० बजे र बेलुका २:०० बजेदेखि ८:०० बजेसम्म
- पश्चिम बस स्टेण्ड उत्तर, बिर्तामोड-५, झापा

हाम्रा सेवाहरु

- Fetal Echo, Fibro Scan Liver (पहिलोपल्ट)
- विशेषज्ञद्वारा ओ.पी.डी. सेवा
- निसन्तान परामर्श केन्द्र
- 12 Lead ECG,
- सुपथ मूल्यको फार्मेसी सेवा
- अत्याधुनिक प्याथोलोजी ल्याव
- 4D भिडियो एक्स-रे
- Anomaly Scan, TVS
- रक्त नलिको Colour Doppler
- Advance CT Scan




सम्पर्क नं. : ०२३-५९०१९४, ९८०१५६६४७८, ९८१७९८४६४६

प्रजातन्त्रको सम्मान गरौं।

- राज्यशक्तिका स्रोत जनता हुन्।
- निर्वाचित प्रतिनिधिले शासन गर्ने प्रक्रिया प्रजातान्त्रिक पद्धति हो।
- आवधिक निर्वाचन प्रजातन्त्रको आधार स्तम्भ हो।
- नागरिक सर्वोच्चता, स्वतन्त्रता र समानता प्रजातन्त्रका आधारशिला हुन्।
- प्रजातन्त्रमा मौलिक हक र मानव अधिकारको संरक्षण हुन्छ।
- कानूनी शासन प्रजातन्त्रको अनिवार्य शर्त हो।
- शासकीय क्रियाकलापमा नागरिक सहभागिता र प्रतिनिधित्व सुनिश्चित गरौं।
- सामाजिक न्याय र सामाजिक सुरक्षा कायम गरौं।
- सभ्य, सु-संस्कृत र समुन्नत राष्ट्र निर्माणमा सबैले हातेमालो गरौं।

प्रजातान्त्रिक संस्कृतिको सम्बर्द्धन गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड




श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी
■ बिर्तामोड प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail .com

पूर्वाञ्चल

## सम्पादकीय

# धर्मको उदय गराउने उत्सब

आज महाशिवरात्रि । वैदिक सनातन हिन्दू धर्मका प्रमुख पर्वहरु मध्येको एउटा ठूलो पर्व हो– शिवरात्रि । भगवान शिवको उत्पत्ति भएको दिन मानिने आजको रात्रि हाम्रा प्रमुख चार रात्रिमध्ये एउटा हो र आजको दिनलाई पवित्र पर्वका रुपमा हिन्दू ग्रन्थहरुमा वर्णन गरिएको छ । फागुन महिनाको कृष्ण चतुर्दशीका दिन मनाइने शिवरात्रिलाई पृथ्वीका सम्पूर्ण दीनदु:खी र कष्टपूर्ण अवस्थामा रहेका प्राणीहरुको हृदयमा सत्कर्म र धर्मको उदय गराउने भगवान शिवको प्रिय दिनका रुपमा लिइन्छ । आजको दिन वैदिक संस्कृति र हिन्दू धर्म मान्नेहरुले दिनभरी भगवानको पूजा गरी राति जाग्राम बसेर उनकै आराधना गर्छन् ।

महिलाहरुले महाशिवरात्रि पर्व विशेष र धुमधामका साथ मनाउँछन् । दिनभर निराहार बस्दै शिवालयहरुमा जल र बेलपत्र अर्पण गरेर भगवान शिवको प्रार्थना गर्छन् । भगवान शिवको उत्पत्ति र विवाह भएको हर्षमा मनाइने यो पर्वको बेग्लै महत्त्व छ । दिनभर ब्रत बसेर रातभर जाग्राम बसेर भगवान शिवको पूजा–आराधना गरे शिवजी प्रशन्न हुन्छन् भन्ने जनविश्वास छ । यसो गर्नाले शिवजी प्रशन्न हुने र आफूलाई अन्जानमा गरिएका पाप कर्मको फलबाट मोक्ष प्राप्त हुन्छ भन्ने मान्यता रहेको छ ।

भगवान शिव संहार शक्तिका अधिष्ठातृ हुन् । संहार शक्ति सत्व, रज र तम गुणभन्दा माथि छन् । त्यसैले उनलाई अन्धकारको रात्रि प्रिय लाग्छ भनिन्छ । त्यही कारण फागुनको कृष्ण त्रयोदशी र चतुर्दशीको सन्धि हुने रात्रिलाई महाशिवरात्रिमा शान्ति, प्रकाश र समृद्धिको कामना गर्दै भगवान शिवको उपासना गर्ने विधान बनेको शास्त्रीय मान्यता छ । आजको दिन राजधानीस्थित पशुपतिनाथ मन्दिरमा हजारौं विवाहित महिलाहरु बिहानैदेखि भगवान शिवको दर्शन तथा पूजाआराधना गर्न लाम्बद्ध हुन्छन् । आफ्ना पति, सन्तान र परिवारको मंगल कामना गर्दै भगवान शिवको आराधना गर्छन् भने अविवाहितले असल पतिको कामना गर्दै ब्रत बस्ने गर्छन् ।

शिवको अर्थ कल्याण हो । सम्पूर्ण जगतको कल्याणका लागि भगवान शिवले समुद्रमन्थन गर्दा निस्किएको कालकुट विष सेवन गरेको धार्मिक कथन छ । देवताहरुका समेत देवता भगवान शिवको विशेष दिन देशभरका शिवालयहरुमा दर्शनार्थीहरुको भीड रहन्छ । पशुपतिनाथ समेत भनिने भगवान शिवको दर्शन मात्रले हामीभित्रको पशुत्वभावको अन्त्य हुन्छ । तिनै पशुपतिनाथको कृपाबाट सुरक्षित हामीलाई आजको संकटबाट मुक्त हुन पनि उहाँकै कृपा अनिवार्य छ । आजको दिनले धर्मान्तरणको चपेटाबाट रक्षा गर्ने सामर्थ्य पनि दिओस्– महाशिवरात्रिको शुभकामना ।

## महाशिवरात्रि पर्व

# धार्मिक एवम् सांस्कृतिक महत्व

विजय ज्ञवाली



आज महाशिवरात्रि पर्व। फागुन कृष्ण त्रयोदशी तिथिसँगैको महाशिवरात्रि पर्व हिन्दू धर्मावलम्बीहरुले अवलम्वन गर्ने पर्व मध्येको एक प्रमुख पर्व पनि हो। आराध्यदेव भगवान महादेव उत्पत्ति भएको रातका नामबाट नामकरण भएको यो पर्व कालरात्रि, मोहरात्रि, सुखरात्रि र शिवरात्रि नामक चार प्रमुख रात्रिमध्ये एक पवित्र पर्वका रूपमा पुराणहरूमा वर्णित छ। फागुन कृष्ण चतुर्दशीका दिन मनाइने यस पर्वलाई सम्पूर्ण दीनदुःखी र कष्टपूर्ण अवस्थामा रहेका प्राणीहरूको हृदयमा धर्मको उदय गराउने आशुतोष भगवान् शिवको अति प्यारो दिनका रूपमा पनि लिइने गरिन्छ।

व्रतोत्सवरू मध्ये सर्वोत्तम कहलिएको महाशिवरात्रिका दिन आज भक्तजनहरूले शुद्ध भई शिव मन्दिरमा पूजा-अर्चना गरी व्रत बस्ने र भगवान् शिवको नाममा दूध धतुरो र बेलपत्र चढाउने गर्छन्। यस पर्वका दिन उपवास गरी 'ॐ नमः शिवाय' मन्त्र जप्ने गरेमा सर्वसिद्धि लाभ भई यमलोक जानु नपर्ने धार्मिक विश्वास रहेको छ। ब्रह्माले रूद्ररूपी शिवजीलाई उत्पन्न गरेको दिन, शिव पार्वतीको विवाहको दिन शिवरात्रि पर्व कृष्ण चतुर्दशीका दिन मनाइएता पनि यसपटक भने त्रयोदशी तिथिमै परेको छ। निर्जल व्रत, रात्रि जागरण, चार प्रहरको पूजा, शिवलिङ्गमा दूग्धाभिषेक र शिव महिमा कीर्तन शिवरात्रिको पूजा-अर्चनाका मुख्य अङ्ग मानिन्छन्।

शिवरात्रि पर्वलाई पर्वको राजा भनिन्छ र शिवरात्रिको पालनाले भोग र मोक्ष दुबैको प्राप्ति हुन्छ भनिन्छ। शिवरात्रिमा ठूला-साना मन्दिरहरूमा धुमधामसँग श्रद्धा भावना व्यक्त गर्ने परम्परा रहेको छ। शिवरात्रि पूजामा व्रतकालमा भगवान शिवको ध्यान, पूजन र जप गरिन्छ, जागरणकालमा भक्तको सम्पूर्ण सत्ता जागरणबाट शिवमय बन्दछ। पूजन वा शिवार्चनमा इशानमूर्तिलाई दूधले स्नान गराइन्छ। अघोरमूर्तिलाई दहीले स्नान गराइन्छ, वामदेवमूर्तिलाई घिउले स्नान गराइन्छ, सद्योजात लिंगोद्भव मूर्तिलाई महले स्नान गराइन्छ। कतिपयले शिवरात्रिलाई ऋषि बोधोत्सवका रूपमा मनाउने गरेका छन्।

महाशिवरात्रिको अवसरमा देशका कयौं शिवशक्ति पिठहरुमा धुमधामले पूजा-अर्चना गर्ने गरिन्छ। अझ काठमाडौंको पशुपतिनाथ मन्दिरमा त यस अवसरमा भगवान शिवको विशेष पूजा-अर्चना एवम् ध्यान जपको लागि देश-विदेशवाट लाखौंको उपस्थिति हुने गर्दछ। सृष्टिको प्रारम्भमा यसै दिन मध्यरात्रिकालमा भगवान् शंकर ब्रह्माबाट रुद्रका रूपमा अवतरण भएका थिए भन्ने पौराणिक मान्यता रहिआएको छ। प्रलयकालमा यसै दिन प्रदोषको समयमा भगवान शिव ताण्डव गर्दै ब्रह्माण्डलाई तेस्रो नेत्रको ज्वालाबाट समाप्त गरेका थिए भन्ने वर्णन गरिन्छ। यसैकारण यस पर्वलाई महाशिवरात्रि अथवा कालरात्रि पनि भनिन्छ। तिनै लोककी अपार सुन्दरी तथा शीलवती गौरीलाई अर्धाङ्गिनी बनाउने शिव प्रेत र पिशाचहरूबाट घेरिएर बस्ने गर्दछन्। उनको रूप बडो विचित्रको छ। शरीरमा मसानको भस्म, गलामा सर्पहरूको हार, कण्ठमा विष, जटाहरूमा जगत्-तारिणी पावन गङ्गा तथा मस्तकमा प्रलयङ्कर ज्वाला छ। साँढेलाई वाहनको रूपमा स्वीकार गर्ने शिव अमङ्गल रूपमा रहेर पनि भक्तहरूलाई मंगल प्रदान गर्दछन र श्री सम्पत्तिका दाँत मानिन्छन्।

### शिवरात्रि पूजा प्रारम्भको वर्णन

एक पटक पार्वतीले भगवान शङ्करसँग सोधिन्- 'यस्तो कुन चाहिँ श्रेष्ठ तथा सरल व्रत-पूजन छ, जसबाट मृत्युलोकका प्राणीले तपाईको कृपा सजिलै प्राप्त गर्दछन् ?' उत्तरमा शिवजीले पार्वतीलाई 'शिवरात्रि'को व्रतको विधान बताएर यो कथा सुनाए- 'एउटा गाँउमा एक शिकारी बस्दथ्यो। पशुहरूको हत्या गरेर ऊ आफ्ना कुटुम्बको पाकनपोषण गर्थ्यो। ऊ एउटा साहूको ऋणी थियो, ऋण चुक्ता गर्ने प्रयास गर्दा पनि उसके त्यो ऋण चुकाउन सकेको थिएन। भाला नाघेपछि एकदिन क्रोधित साहूले शिकारीलाई शिवमठमा बन्दी बनायो। संयोगले त्यो दिन शिवरात्रि थियो।'

शिकारी ध्यानमग्न भएर शिव सम्बन्धी धार्मिक कुराहरू सुनिरह्यो। चतुर्दशीमा उसले शिवरात्रि व्रतको कथा पनि सुन्यो। कथा श्रवणलो प्रभावले साँझपख साहूमा दयाभाव उत्पन्न भयो र उसले शिकारीलाई आफू नजीकै बोलाएर ऋण चुकाउने विषयमा कुरा गऱ्यो, शिकारीले भोलि पल्ट सारा ऋण चुक्ता गर्ने बचन दिएर बन्धनबाट छुट्यो। आफ्नो सधैंको दिनचर्यासरह ऊ शिकारका लागि जङ्गलतर्फ गयो। ऊ दिनभर बन्दी गृहमा रहेका कारण भोकप्यासबाट व्याकुल थियो। एउटा तलाउको किनारमा बेलको रुख थियो, शिकारी शिकार गर्ने सिलसिलामा त्यसै रूख माथि चढ्यो। बेलको रुखमुनि शिवलिङ्ग स्थापना गरिएको थियो, विल्वपत्रहरूबाट ढाकिएको हुनाले शिकारीले त्यस कुराको पत्तो पाएन।

रुखमा चढ्ने क्रममा उसका खुट्टाले जुन-जुन हाँगामा टेकियो, ती हाँगा भाचिँदै गए र संयोगले ती हाँगा रुखमुनि स्थापित शिवलिङ्गमा झरे। यसरी दिनभरि भोकै-प्यासै बस्नाले शिकारीको व्रत पनि पूर्ण भयो। एक पहर रात बितेपछि एउटी गर्भिणी मृग पोखरीमा पानी खान आइपुगी। शिकारीले धनुषमा बाण चढाएर प्रत्यञ्चा तान्नासाथ मृगीले भनी- 'म गर्भिणी छु। छिट्टै नै सुत्केरी हुनेछु। यतिबेला मेरो बध गर्दा तिमीले एकसाथ म र मेरा पेटमा भएका सबै जीवको हत्या गर्नेछौ, जुन उचित होइन। म बच्चा जन्मिउञ्जेल जीवनदानको याचना गर्दछु, सुत्केरी हुनासाथ म तिमी समक्ष प्रस्तुत हुनेछु, त्यसबेला मेरो बध गर्नु !' शिकारीले प्रत्यञ्चा क्जुकुलो बनायो र त्यस मृगिणीलाई मुक्त बनायो।

केही बेरपछि एउटा अर्को पोथीमृग पुनः तालाउमा देखा पऱ्यो। शिकारीको प्रसन्नताको ठेगान भएन। नजीकै आएपछि उसले धनुषमा बाण चढायो। तब उसलाई बाण हान्न ठिक्क परेको देखेर मृगले विनम्रतापूर्वक निवेदन गरी- 'हे शिकारी ! म केही समय पहिले ऋतुबाट निवृत्त भएकी छु। यतिबेला कामातुर र विरहिणी हुँदै आफ्नो प्रियको खोजीमा भौंतारिँदै छु। म आफ्नो पतिसँग भेट गरी समागम गरी कामनिवृत्त भएर चाँडै तिम्रा नजिक आउने छु।' शिकारीले उसलाई पनि छाड्यो। दुई-दुई पटक शिकारलाई गुमाएर उसको टाउको रन्कियो। ऊ चिन्तामा डुब्यो। रातको अन्तिम पहर बित्यो। त्यसबेला एउटी अर्की मृगिणी आफ्ना बच्चाहरूसँगै त्यही ठाउँमा आइपुगी। शिकारीका लागि यो स्वर्णिम अवसर थियो। उसले धनुषमा बाण चढाउन ढिलो गरेन। उसले अस्त्र प्रयोग गर्नै आँटेको मात्र के थियो, त्यस मृगले पनि अनुरोध गरी- 'हे शिकारी !' म यी बच्चाहरूलाई यिनका पिताको जिम्मा लगाएर फर्की आउने छु, त्यसैले अहिले मलाई नमार।

शिकारी हाँस्यो र भन्न थाल्यो, आँफू अगाडि आएको शिकारलाई म कसरी छाडौं, म मूर्ख त होइन नि ! यसभन्दा पहिले नै मैले दुईपटक आफ्नो शिकार गुमाइसकेको छु। मेरा बच्चाहरू भोक र प्यासले घरमा छटपटिँदै होलान् म चाहिँ हातमा आएको शिकार त्याग्दै बस्दै गरेको छु। उत्तरमा मृगिणीले फेरि पनि अनुरोधात्मक स्वरमा भनी, तिमीलाई जसरी आफ्ना बालबच्चाको ममताले सताउँदै छ, ठिक त्यस्तै अवस्था हो मेरो पनि। त्यसैले केबल बालबच्चाका निमित्त केही बेरका लागि जीवनदानको याचना गर्दछु। हे मनुष्य ! मेरो विश्वास गर, म यिनलाई यिनका पिताका जिम्मा लगाएर तुरुन्त फर्कने प्रतिज्ञा गर्दछु। मृगको दीनवचन सुनेर शिकारीलाई त्यसमाथि पनि दया पलायो। उसले त्यो शिकार पनि त्याग गऱ्यो।

शिकारको अभावमा बेलवृक्षमा बसेको शिकारी दिक्क मान्दै बेलपत्र चुँड्दै फ्याल्दै गर्न थाल्यो। अब उज्यालोका किरण पूर्वीय क्षितिजमा देखिन थाले, त्यति बेला एउटा हृष्टपुष्ट मृग त्यसै पोखरीको किनारमा आइपुग्यो। शिकारीले यसको शिकार चाहिँ अवश्य गर्नुपर्ने विचार गऱ्यो। शिकारीले हान्न ठिक्क बनाएको प्रत्यञ्चा देखेर मृगले विनित स्वरमा अनुरोध गऱ्यो, हे शिकारी भाइ ! यदि तिमीले म भन्दा पूर्व आएका तीनवटा पोथीमृग र स-साना बच्चालाई मारेका छौ भने मलाई पनि मार, यस पुनित कार्यमा विलम्ब नगर, किनकि मलाई तिनीहरूको वियोगमा एक क्षण पनि बाँच्न रहर छैन। म ती मृगिणीहरूको पति हुँ। यदि तिमीले तिनलाई जीवनदान दिएका छौ भने मलाई पनि केही क्षणका निमित्त जीवन दिने कृपा गर। म तिनीहरूसँग भेट गरी तिम्रासामु उपस्थित हुनेछु। मृगका कुरा सुनेपछि शिकारीसम्मुख पूरा रातको घटनाचक्र घुम्यो, उसले सारा कथा मृगलाई सुनायो। तब मृगले भन्यो- 'मेरी तीनवटै पत्नी जसरी प्रतिज्ञाबद्ध भएर गएका छन्, मेरो मृत्युले तिनीहरूले आफ्नो बचनको पालना गर्न पाउने छैनन्। किनकि मेरो अनुपस्थितिमा तिनीहरूको कार्यसम्पन्न हुने छैन। अतः जसरी तिमीले उनलाई विश्वास पात्र मानेर छाडेका छौ, त्यसैगरी मलाई पनि जान देऊ। म उनीहरू सबैलाई साथमा लिएर तिम्रा अगाडि शीघ्र नै उपस्थित हुन्छु।'

जानी-नजानी उपवास, रात्रि-जागरण तथा शिवलिङ्गमा बेलपत्र चढाएका कारण शिकारीको हिंसक हृदय निर्मल भएको थियो। उनमा भगवद्शक्तिले निवास गरेको थियो। धनुष तथा बाण उनको हातबाट सहजै छुट्न पुग्यो। भगवान् शिवको अनुकम्पाले उसको हिंम्रक हृदय कारुणिक भाव विभोर भयो। त्यसले आफ्ना अतीतका कर्मलाई सम्झना गरी आफू पश्चातापको ज्वालामा बल्न लाग्यो। केहीबेरपछि त्यो मृग सपरिवार शिकारी समक्ष उपस्थित भयो। जंगली पशुहरूको यस्तो सत्यता, सात्विकता एवम् सामुहिक प्रेमभावना देखेर शिकारीलाई ठूलो ग्लानी भयो। उसका आँखाबाट आशुको वर्षा हुन थाल्यो। उसले मृग परिवारलाई नमारेर आफ्नो कठोर हृदयलाई जीव हिंसाबाट हटाई सदाका लागि कोमल एवम् दयालु बन्यो। देवलोकबाट समस्त देव समाज पनि यस घटनालाई नियाल्दै थिए। घटना परिणतिमा पुग्नासाथ देवी-देवताले पुष्पवर्षा गरे। शिकारी तथा मृग परिवारलाई मोक्ष प्राप्ति भयो भनेर वर्णन गरिएको पनि पाइन्छ।

साथै यस दिन शिवभक्त, शिव मन्दिरहरूमा गएर शिवलिङ्गमा बेल-पत्र आदि चढाउने, पूजन गर्ने, उपवास बस्ने तथा राती जागरण गर्दछन्। शिवलिङ्गमा बेल-पत्र चढाउनु, उपवास तथा रात्रि जागरण गर्नु जस्ता विशेष कर्मको सम्पादन यस पर्वमा हुने गर्दछ।

यस दिन शिवको विवाह भएको थियो। त्यसैले राति शिवजीको जन्ती निकालेर उत्सव गर्ने चलन पनि छ। वास्तवमा शिवरात्रिको परम् पर्व स्वयम् परमपिता परमात्माले सृष्टिमा अवतरित भएको स्मृति पर्व हो। यहाँ रात्री शब्दले अज्ञान एवम् अन्धकारबाट हुने नैतिक पतनको द्योतन गर्छ। परमात्मा नै ज्ञानको सागर हो जसले मानव मात्रलाई सत्य ज्ञानद्वारा अन्धकारबाट प्रकाश तर्फ अथवा असत्यबाट सत्यतर्फ लैजान्छ। ब्राह्मण, क्षत्रीय, वैश्य, शूद्र, स्त्री-पुरुष, बालक, युवा र वृद्ध सबै यस व्रतको पालन गर्न योग्य मानिन्छन्। यस व्रतको विधानमा सवेरै स्नानादिबाट शुद्ध भएर उपवास गर्ने गरिन्छ। यस दिन माटोको भाँडोमा पानी भरेर त्यसमाथि बेलपत्र, आँक, धतूरोको फुल, चामल आदि हालेर 'शिवलिङ्ग'मा अर्पण गरिन्छ। यदि नजिकमा शिवालय छैन भने, शुद्ध गिलो माटोबाटै शिवलिंग बनाएर त्यसलाई पूजा गर्ने विधान छ।

राति जागरण बसेर शिवपुराणको पाठ र कथा सुन्नु प्रत्येक व्रतालुको धर्म मानिन्छ। व्रतको भोलिपल्ट बिहान सबेरै जौ, तिल, खीर र बेलपत्रको हवन गरेर व्रत समाप्त गरिन्छ। महाशिवरात्रि भगवान शङ्करका निमित्त सबैभन्दा पवित्र दिन हो। यो आफ्नो आत्मालाई पुनीत बनाउने महाव्रत हो। यो व्रतको पालना गरेर सबै पापहरूको नाश हुन्छ। हिंसक प्रवृत्तिमा परिवर्तन आउँछ। निरीह जीवहरू प्रति दयाभाव उब्जिन्छ। ईशान संहितामा यसको महत्ताको उल्लेख यसरी गरिएको छ- 'शिवरात्रि व्रतं नाम सर्वपापं प्रणाशनम्। आचाण्डाल मनुष्याणां भुक्ति मुक्ति प्रदायकम्।'

# आज सेना दिवस



आज महाशिवरात्रि तथा सेना दिवस देशरभर मनाइँदै छ । सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको प्रमुख सुरक्षा अङ्ग नेपाली सेनाले व्यावसायिक कला प्रदर्शन गर्नुका साथै शस्त्राभ्यास गर्ने कार्यक्रम गर्ने गरेको छ ।

सेनाका परमाधिपति राष्ट्रपति रामचन्द्र पौडेल शिवरात्रि तथा सेना दिवसकै अवसरमा आयोजना हुने विशेष समारोहमा प्रमुख अतिथिका रुपमा सहभागी हुनेछन् । सेना दिवसका अवसरमा राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री लगायतका उच्च तहका प्रमुखहरुको सहभागिता रहने गरेको छ ।

सेनाले दुई दशकअघिदेखि महाशिवरात्रिको दिनलाई सेना दिवसका रूपमा मनाउँदै आएको छ । सैनिक मञ्चको समारोहमा परेड (शस्त्राभ्यास) र तोप बढाइँ, विपद् व्यवस्थापन अभ्यास तथा इज्जत अर्पण कवाज लगायत विविध सांस्कृतिक कार्यक्रम सञ्चालन हुने छन् ।

सेनाको प्रयोगमा रहेका हातहतियार र उपकरणको प्रदर्शनी तथा सातै प्रदेशको सांस्कृतिक भेषभूषा र रहनसहन झल्कने झाँकी प्रस्तुत गरिने कार्यक्रम रहेको नेपाली सेनाले जनाएको छ । त्यस अवसरमा जङ्गीअड्डा मातहत मुलुकका विभिन्न भागमा तैनाथ पृतना, बाहिनी, गण, गुल्म लगायत निकायमा समेत सेना दिवसका अवसरमा विभिन्न कार्यक्रम आयोजना गरिने छ ।

### सेनाबाट हुँदै आएको योगदान

नेपालको स्वतन्त्रता, भौगोलिक अखण्डता तथा सार्वभौमसत्ताको रक्षाका लागि इतिहासका विभिन्न कालखण्डमा नेपाली सेनाले उदाहरणीय र कीर्तिमानी काम गर्दै आएको छ । नेपाली सेनाकै वीरताका कारण अङ्ग्रेजको दबदबा रहेको अवस्थामा दक्षिण एशियामा नेपाल मात्र उपनिवेश हुनबाट जोगिएको थियो ।

वर्तमान सेनाको साङ्गठनिक स्वरूपको १८१९ सालदेखि शुरुवात भएको हो । संयुक्त राष्ट्रसङ्घीय शान्ति स्थापनामा नेपाली सेनाको सहभागिता सन् १९५८ देखि शुरु भएकामा हालसम्म एक लाख २५ हजार तीन सय ७२ सैनिकबाट योगदान भइसकेको छ ।

विश्वका कतिपय द्वन्द्वग्रस्त मुलुकमा शान्तिका लागि ज्यानको बाजी लगाउँदै नेपालका ६३ जना सैनिकले जीवन बलिदान दिइसकेका छन् भने ६६ जना सैनिक घाइते भएका छन् । संयुक्त राष्ट्र सङ्घ मार्फत विश्वमा हाल खडा भएका १२ शान्ति स्थापना मिसनमा अहिले नेपाली सेनाका पाँच हजार एक सय ११ सकल दर्जा खटिएका छन् । शान्ति स्थापनाका लागि सेना खटाउने मुलुकहरूको कोटीमा नेपाल पाँचौं स्थानमा छ ।

सैनिक र हातहतियार उत्पादन र प्रयोगको दृष्टिले विश्वका अत्यन्त शक्तिशाली मुलुकका सैनिकका लागिसमेत अहिले नेपाल पेसागत क्षमता र दक्षता अभिवृद्धि गर्ने पाठशालाको केन्द्र बन्दै गएको छ । वीरेन्द्र शान्ति कार्य तालिम केन्द्र, भक्तपुर खरिपाटीस्थित सैनिक शिक्षालय र शिवपुरीस्थित आर्मी कमाण्ड एण्ड स्टाफ कलेजमा अहिले छिमेकीसहित विश्वका कयौं मुलुकका सैनिकमा सहभागी हुँदै आएका छन् ।

विश्वका कुनै पनि महादेशका द्वन्द्वग्रस्त क्षेत्रका पीडित जनताबीच शान्ति सेनाका रुपमा पहिलो रोजाइमा नेपाली सेना नै पर्ने गरेको छ । राष्ट्रिय सुरक्षाका अतिरिक्त नेपाली सेनाले पछिल्लो समय मुलुकभित्र विपद् व्यवस्थापन र सडक लगायत पूर्वाधार निर्माणमा भरपर्दो छवि स्थापित गर्न सफल भएको छ ।

दरबार, सङ्ग्रहलय लगायत ऐतिहासिक महत्वका संरचना, विद्युत् गृह, भौतिक पूर्वाधार र प्राकृतिक सम्पदाको सुरक्षा तथा विकास निर्माणको जिम्मेवारीसँगै नागरिकसँगको सम्बन्धलाई बलियो बनाउने तथा मानवाधिकारको विश्वव्यापी मान्यतालाई आत्मसात गर्ने कार्यलाई नेपाली सेनाले अहिले प्राथमिकतामा राखेर काम गर्दै आएको छ ।

नेपाली सेना नागरिकको पहिलो र अन्तिम भरोसा बनेको छ । आगामी फागुन २१ गते हुने प्रतिनिधि सभा निर्वाचनमा समेत नेपाली सेनाको भूमिका महत्वपूर्ण रहेको छ । देशको शान्ति सुरक्षा कायम गर्दै मुलुकको रक्षाका लागि नेपाली सेनाको भूमिका महत्वपूर्ण रहेको छ । यसै अवसरमा झापासहित देशभरका विभिन्न स्थानमा रहेका नेपाली सेनाका ब्यारेकहरुमा आज धुमधामका साथ सेना दिवस मनाइँदैछ ।

## आजको राशिफल



ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क नं. : ९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ)** व्यापार-व्यवसायमा फाइदाजनकको योग छ, धन लाभ हुने योग छ, मिष्ठान्न भोजनका निम्ति निम्तो आउनाले मन प्रशन्न रहला ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो)** बुद्धिको उपयोगले धन आर्जन गर्ने समय रहेको छ, आफ्नो विचारले धेरैलाई प्रभावित बनाउन सकिने छ, शुभ खबर सुन्न पाइने छ ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह)** समय अनुकूल देखिएको छ, अचानक यात्राको योग पर्न सक्छ, खानपानमा ध्यान दिनुहोला ।

विचार पुऱ्याएर मात्र खर्च गर्नुहोला खर्चिलो योग रहेको छ ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)** समय मिश्रित फलदायी छ, पेट सम्बन्धी समस्याले हुनसक्छ, खानपानमा ध्यान दिनुहोला, सानो काममा धेरै मेहनत गर्नुपर्ने योग छ ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)** समय सामान्य छ, काममा सफलता हुँदा मन खुशी रहला, स्वास्थ्यमा गडबडीको योग रहेको छ, खानपानमा विशेष ध्यान दिनुहोला ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो)** व्यवसायमा लाभ प्राप्त होला, सानै सफलताले पनि ठूलो खुशी प्राप्त हुनेछ, आज तपाईलाई रचनात्मक काममा मन जानेछ ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते)** अधुरा रहेका कामहरू सिद्ध हुने दिन आएको छ, उच्च अधिकारीबाट साथ, सहयोग र हौशला मिल्नाले मन हर्षित हुनेछ ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु)** धार्मिक कार्यमा सहभागी हुने दिन रहेको छ, बोल्दा विचार पुऱ्याउनुहोला, घुँडा तथा ढाडमा समस्या हुन सक्छ ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे)** बोलिको प्रभावले आयआर्जनमा सफलता मिल्नेछ, बोल्दा विचार पुऱ्याउनुहोला, भैपरि आउने खर्चले चिन्ता बढाउन सक्छ ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि)** मेहनतले राम्रो परिणाम प्राप्त हुनेछ, दिगो फाइदा हुने काम प्रारम्भ हुने समय छ, दाम्पत्य जीवन शुखी रहनाले उत्साह बढ्ने योग छ ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द)** आज समयले साथ दिएको छ, नचिताएको ठाउँबाट धन आगमन हुँदा मन आनन्दित हुनेछ, परिवारजनमा खुशीयाली आउनेछ ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि)** सुख र धनको प्राप्ती हुनेछ, मान-प्रतिष्ठा, इज्जत बढेर जानेछ, शत्रुमाथि बिजय प्राप्त हुनेछ, दाम्पत्य शुख मिल्नाले मन हर्षित रहला ।

### मिति २०८२/११/०२ शनिबारको सुनचाँदी मूल्य

छापावाला सुन प्रति तोला रु. ३,०३,५००।-

चाँदी प्रति तोला रु. ५,०००।-

# भद्रपुरमा नमूना संयुक्त राष्ट्र संघको अभ्यास कार्यक्रम



**भद्रपुर, फागुन २।** भद्रपुरस्थित मेची बहुमुखी क्याम्पसमा नमूना संयुक्त राष्ट्र संघको अभ्यास कार्यक्रम (बीएमएमयूएन-२०२६) शुरु भएको छ।

भद्रपुर नगरपालिका नगर युवा परिषद्ले आयोजना गरेको तेस्रो नमूना संयुक्त राष्ट्र संघ अभ्यास कार्यक्रमको एक कार्यक्रमका बीच भद्रपुर नगरपालिका प्रमुख गणेश पोखरेलले उद्घाटन गरेका हुन्।

नगर युवा परिषद्का पदाधिकारीहरूले यस्ता कार्यक्रमले युवामा अन्तर्राष्ट्रिय विषयप्रतिको चासो बढाउनुका साथै नेतृत्व विकासमा महत्वपूर्ण भूमिका खेल्ने विश्वास लिएको नगर प्रमुख पोखरेलले बताए।

परिषद्का कार्यकारी उपाध्यक्ष आरोग्य तिम्सिनाले अध्यक्षता तथा नगर प्रमुख पोखरेलको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा उपप्रमुख राधा कार्की, मेची बहुमुखी क्याम्पसका प्रमुख देवीप्रसाद आचार्य लगायतले आआफ्नो धारणा राखेका थिए।

भद्रपुर मुनिसिपालिटी मोडल युनाइटेड नेशसन कार्यक्रम विद्यार्थीहरूका लागि आयोजना गरिने एक शैक्षिक अभ्यासमूलक कार्यक्रम हो। जहाँ उनीहरूले संयुक्त राष्ट्र संघको संरचना र कार्यशैली अनुसार विभिन्न देशका प्रतिनिधिको भूमिका निर्वाह गर्छन्। कार्यक्रममा सहभागी विद्यार्थीहरूले जलवायु परिवर्तन, मानव अधिकार, शान्ति तथा सुरक्षा, आर्थिक विकास लगायतका समसामयिक विश्व समस्यामाथि छलफल, बहस तथा समाधान प्रस्ताव प्रस्तुत गर्नेछन्।

आजसम्म सञ्चालन हुने कार्यक्रमका मुख्य उद्देश्य कुटनीतिक सीप विकास, नेतृत्व क्षमता अभिवृद्धि, सार्वजनिक वक्तृत्व कला सुधार, विश्व राजनीतिबारे ज्ञान विस्तार तथा समस्या समाधान गर्ने क्षमता विकास रहेको नगर युवा परिषद्का सदस्य सचिव योगेन्द्र पौडेलले जानकारी दिए। नमूना संयुक्त राष्ट्र संघका महासचिवको भूमिकामा सिद्धार्थ गौतम रहेका छन्।

कार्यक्रम व्यवस्थापनका लागि उनीसहित छ सदस्यीय टोली काठमाडौंबाट आएको परिषद्का कार्यकारी उपाध्यक्ष तिम्सिनाले जानकारी दिए। कार्यक्रममा १६ देखि २४ वर्ष उमेर समूहका एक सय छ जना सहभागी रहेको उनको भनाइ छ।

# एडभेन्चर एकाडेमीको वार्षिकोत्सव

□ **गोपाल अधिकारी**

**बिर्तामोड, फागुन २।** बिर्तामोड-३ शान्ति टोलमा रहेको एडभेन्चर एजुकेशन एकाडेमीको वार्षिकोत्सव सम्पन्न भएको छ।



विद्यालयका प्रिन्सिपल अमृतकुमार बस्नेतका अनुसार गत माघ २९ गते प्ले ग्रुपदेखि कक्षा २ सम्मका र फागुन १ गते कक्षा ९ सम्म अध्ययनरत विद्यार्थीको सांस्कृतिक प्रस्तुति सहित पुरस्कार वितरण कार्यक्रम सम्पन्न भएको हो।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष नितेश बस्नेतको अध्यक्षतामा भएको कार्यक्रममा प्रमुख अतिथि बिर्तामोड नगरपालिका शिक्षा शाखा अधिकृत लासाङ तामाङले उद्घाटन गरेकी थिइन्।

कार्यक्रममा प्रमुख अतिथि तामाङले सबै जाति धर्मको साझा फूलबारी विद्यालयमा विभिन्न माध्यमबाट आयोजना गरिएका विद्यालय, नगर, जिल्ला स्तरीय कार्यक्रम तथा खेलकुदमा उत्कृष्ट हुने र सहभागी हुने विद्यार्थीलाई धन्यवाद ज्ञापन गरेकी थिइन्।

कार्यक्रममा फाउन्डर नन्दकुमार बस्नेत, बिर्तामोड नगरपालिका वडा नम्बर ३ का वार्ड सदस्य लक्ष्मी रोक्का, शान्ति टोल विकास समितिका अध्यक्ष नन्दकुमार अधिकारी, जगदम्बा टोलका विक्रम बस्नेत, बुद्धिमान टोलका विष्णु राजवंशी पूर्व शिक्षक कृष्ण अधिकारी लगायतको उपस्थिति रहेको थियो।

विद्यालयका सहायक प्रिन्सिपल साम बस्नेतले स्वागत गरेको कार्यक्रममा नर्सरीदेखि कक्षा ९ सम्म अध्ययनरत विद्यार्थीमध्ये प्रथम, द्वितीय, तृतीय हुने विद्यार्थीलाई पदक तथा माध्यमिक तहतर्फ आस्ना राजवंशी र प्राथमिक तहतर्फ प्रख्यान गिरीलाई वर्षको उत्कृष्ट विद्यार्थी पदक तथा प्रमाणपत्रद्वारा सम्मान गरिएको थियो। शिक्षक माया श्रेष्ठ र दिनेश दर्नाल तथा प्राइमरी र सेकेन्डरी लेभलमा अध्ययनरत विद्यार्थीले कार्यक्रम सञ्चालन गरेका थिए।

# खेल पत्रकार राईलाई झापा गोल्डकपको सम्मान

**बिर्तामोड, फागुन २।** अग्रज खेल पत्रकार रमेश समदर्शी राईलाई सातौं झापा गोल्डकप विनोद बस्नेत स्मृति संस्करणको अवसरमा आयोजक समितिले सम्मानसहित पुरस्कृत गरेको छ।




झापाको डोमालाल राजवंशी रंगशालामा जारी झापा गोल्डकपको अवसरमा अग्रज पत्रकार समदर्शीलाई विशेषगरी खेल क्षेत्रलाई प्राथमिकतामा राखेर खेलाडी, प्रतियोगिता र खेल संरचनाको विकासका लागि पुऱ्याएको योगदानको कदर गर्दै नगदसहित सम्मान गरिएको हो।

नेपाल खेलकुद पत्रकार मञ्च झापाका संस्थापक अध्यक्ष समदर्शीले खेल पत्रकारितालाई संस्थागत रुप दिन, खेलाडीलाई प्रोत्साहन गर्न तथा झापालाई खेल गतिविधिको केन्द्रका रुपमा स्थापित गर्न महत्वपूर्ण भूमिका निर्वाह गरेको उल्लेख गर्दै आयोजकले कदरस्वरुप सम्मान गरिएको उल्लेख छ।

अर्जुनधारा प्रेस क्लबका अध्यक्ष तथा न्युज सञ्जाल डटकमका सम्पादक समदर्शी गोल नेपाल डटकमका कोशी प्रदेश संयोजक पनि हुन्।

तीन दशकदेखि पत्रकारितामा आवद्ध उनलाई आयोजकका अध्यक्ष केदार गिरी, भद्रपुर नगरपालिकाका प्रमुख गणेश पोखरेल र नेपाल पत्रकार महासंघ झापाका अध्यक्ष एकराज गिरीले सम्मान गरेका थिए।

# लागूऔषधसहित पक्राउ

**झापा, फागुन २।** कनकाई नगरपालिका-८ बालुवाटारबाट अवैध लागूऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ दुई ग्राम चार सय ७० मिलिग्रामसहित एक जनालाई प्रहरीले पक्राउ गरेको छ।

पक्राउ पर्नेमा सोही ठाउँका २९ वर्षीय अजय राजवंशी रहेको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ। इलाका प्रहरी कार्यालय अनारमनीबाट खटिएको प्रहरीले उनलाई उक्त पदार्थसहित पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको जनाइएको छ।

उता धरान उपमहानगरपालिका-१० सेवालुङ चोक बस्ने २६ वर्षीय सन्दिप राई समेत दुई जनालाई नियन्त्रित लागूऔषध ट्रामाडोल दुई सय आठ ट्याब्लेट र स्पास्पेन दुई सय आठ ट्याब्लेटसहित प्रहरीले पक्राउ गरेको छ।

# भूमिसुधार कार्यालय भद्रपुर, झापाको
## मोही हकदावी सम्बन्धी सूचना

*दोस्रो पटक प्रकाशित मिति : २०८२/११/०३*

निम्न लिखित विवरण भएको जग्गाको जग्गाधनीबाट मोहीले उक्त जग्गा जोतभोग गर्न छाडेको/बेपत्ता भएकाले मोहीको लगतकट्टा गरिपाउँ भनी यस कार्यालयमा निवेदन पर्न आएकोले विशेष अदालत ऐन २०५९ को दफा १० (९) बमोजिम यो सूचना प्रकाशित गरिएको छ। यस उपर कुनै दावी विरोध भएमा यो सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र आवश्यक प्रमाणसहित यस कार्यालयमा निवेदन दिनुहोला। तोकिएको समय अवधिभित्र विरोध नभएमा भू.सु. ऐन २०२१ बमोजिम मोही लगत कट्टा भई जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ।

| जग्गाधनीको विवरण | जग्गा ठेगाना | कि.नं. | क्षेत्रफल | मोहीको नाम, थर |
|---|---|---|---|---|
| बालकृष्ण गिरी समेत | पाराखोपी-६ | २४९० | ०-१-०-० | सन्तलाल राजवंशी |

# डेंगी रोगबाट आफू बचौं अरूलाई पनि बचाऔं



बिर्तामोड नगरपालिकाले डेङ्गी रोगको रोकथाम र नियन्त्रणको लागि लामखुट्टेको लार्भा 'खोज र नष्ट गर' अभियान सुरू गरेको हुँदा सबै जना अनिबार्य सहभागी बनौं।

**डेंगी के हो ?**

डेंगी लामखुट्टेबाट सर्ने भाइरल संक्रमण वा रोग हो। डेंगीका कारण उच्च ज्वरो आउने,बेस्सरी टाउको दुख्ने, आँखाको गेडी दुख्ने, हाडजोर्नी र मांसपेशीहरू र ढाड दुख्ने, शरीरमा विविरा आउने, रिँगटा लाग्ने, वाकवाकी, वान्ता हुने, यसका साथै पेट दुख्ने, श्वासप्रश्वासमा समस्या आउने, नाक वा गिजाबाट रगत बग्ने, रक्तश्राव हुने, बेहोस हुने आदि हुने गर्दछ।

**डेंगीबाट बच्न के गर्न सकिन्छ ?**

- बिहान, दिउँसो, राति जुनसुकै बेला झुल लगाएर मात्रै सुत्ने,
- पूरा बाहुला भएको पूरा शरीर ढाक्ने लुगा लगाउनु पर्छ,
- शरीरका खुल्ला भागमा लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाउने,
- लामखुट्टे भगाउन लामखुट्टे धपाउने विधिहरू अपनाउने जस्तै : धुप बाल्ने,
- घरभित्र लामखुट्टे छिर्न नदिन घरको झ्याल ढोकामा जाली लगाउने,
- आफ्नो घर वरिपरि, कार्यस्थल र सार्वजनिक स्थानहरूमा पानी जम्न नदिई सफा राख्ने,
- पानी जमिहालेको खण्डमा हप्तामा २ पटक जमेको पानी फाल्नुपर्छ,
- कुलरमा रहेको पानी हप्तामा २ पटक सफा गर्नुपर्छ,
- गमला वा गमला राखेको प्लेटमा जमेको पानी हप्तामा २ पटक फालेर प्लेट सफा राख्ने,
- भाँडाकुँडामा पानी जम्न नदिन घोप्ट्याएर राख्ने,
- घर वरपर रहेका पानी जम्ने खाल्डाखुल्डीलाई पुरिदिने,
- काम नलाग्ने भाँडाकुँडा, सिसी, बोतल, प्लास्टिकका सामग्री, टायर आदिको पानी जम्न नमिल्ने गरी विसर्जन गर्ने।

डेंगीविरूद्ध खोप र खास उपचार समेत नभएकाले लामखुट्टेको टोकाइबाट बच्नु नै यस रोगबाट बच्ने प्रमुख उपाय हो। डेंगीको शंका लाग्नासाथ नजिकैको स्वास्थ्य संस्थामा अनिवार्य जानुहोस्।

जनहितका लागि
**बिर्तामोड नगरपालिका**
झापा, कोशी प्रदेश


**UAE मा रोजगारीको अवसर**
७ दिनमा भिषा आउने
कम्पनी: युनाइटेड इन्टरनेशन ग्रुप LT No .309924
पद : मेसन, कार्पेन्टर, स्टील फिक्चर, हेल्पर
ASIA LINK SERVICES (P) LTD.
BRANCH OFFICE : BIRTAMOD, JHAPA
Tel: 023-535072 / 531287
Mob: 9852674809 / 9863714421 / 9807963795 / 9816015488
email: asialinkjhapa@gmail.com phagdhakgroup@gmail.com

**वैदेशिक रोजगार**
अब वैदेशिक रोजगारीका लागि भरपर्दो मेनपावर बिर्तामोडमा
हामीलाई सम्पर्क गर्नुहोस्। बिना झन्झट राम्रो तलब (सेलरी)मा तपाईंलाई वैदेशिक रोजगारमा हामी पठाउँछौं।
सम्पर्क : यूनाइटेड प्लेसमेन्ट एण्ड इम्प्लोइमेन्ट सर्भिस प्रा. लि.
शाखा कार्यालय बिर्तामोड
मो. ९७०२९५९६४० / ९७०२९५९६४१

**सेक्युरिटी गार्ड चाहिएमा सम्पर्क गर्नुहोस्।**
कुनै पनि संस्था, बैंक, उद्योग, स्कूल, मार्केट लगायत जुनसुकै क्षेत्रमा सेक्युरिटी गार्ड चाहिएमा सम्पर्क गर्नुहोला। साथै सेक्युरिटीमा काम गर्न चाहने इच्छुक महिला तथा पुरुषहरुले पनि तुरुन्त सम्पर्क गर्नुहोला।
सम्पर्क : सेक्टर वान सेक्युरिटी सर्भिस
बिर्तामोड-१, झापा, हिमरेश मार्ग
फोन: ९७०००६८५४०, ९८०१४४५००३

**वैदेशिक रोजगार**
के तपाई विदेश जान चाहनुहुन्छ ? यदि सस्तो, भरपर्दो र विश्वासिलो मेनपावरको खोजीमा हुनुहुन्छ भने ब्रदर्श इन्टरनेशनल इम्प्लोइमेन्ट प्रालिलाई सम्झनुहोस्। हामी दुबई, कतार, कुवेत, मलेशिया, साउदी अरबमा डाइरेक्ट कम्पनीमा कामदारहरु पठाउने व्यवस्था गरिएको छ।
सम्पर्क: ९८०१४०१३००, ९८०१४२७३०१, ९८०१४२७३०३
बिर्तामोड, झापा

**वैदेशिक रोजगार**
यहाँबाट दुबई, कतार, कुवेत, मलेशिया, साउदी अरब लगायतका देशहरुमा भरपर्दो राम्रो कम्पनीमा कामदारहरु पठाउने व्यवस्था गरिएको छ। सम्पर्क गर्नुहोला।
HK EMPLOYMENT SERVICES PRIVATE LIMITED
सम्पर्क: ९८४२६३४८७४, ९८१६०४९८७६, ०२३-५३५९७३
बिर्तामोड, झापा

उच्च गुणस्तर सुलभ मूल्य
**सयपत्री बालुवा प्रशोधन उद्योग**
यहाँ आधुनिक प्रविधिद्वारा प्रशोधित बालुवा, गिटी आदि निर्माणजन्य सामग्री सुपथ मूल्यमा पाइनुका साथै तुरुन्त डेलिभरी समेत गरिन्छ।
सम्पर्क : ९८६६२४२४६६
Whatsp: ९८४२६५४४००/९८०४९५४४००
अर्जुनधारा नपा- ४, झापा

**मार्बल शिलालेख**
यहाँ डिजिटल प्रविधिबाट मार्बलमा फोटो खोपिन्छ साथै आर्ट सम्बन्धी सम्पूर्ण कार्यहरु सरल दरमा गरिन्छ
सम्पर्क : एल. बि. आर्ट
बिर्तामोड-४, पश्चिम बस स्टेण्ड
अदुवा पुल छेऊ
फोन नं. ९८४४६८५६०० ९८१६०४९८००

विशेषज्ञ डाक्टरहरूको सेवा अब
**कान्तिपुर मेडिसीन सेन्टर**
उपचार हुने रोगहरू :
- उच्च रक्तचाप (Blood pressure)
- सुगर, हर्मोन, थाइराइड विशेषज्ञ
- वरिष्ठ मानसिक रोग विशेषज्ञ
- वरिष्ठ छाला, यौन रोग विशेषज्ञ
- वरिष्ठ बाल रोग विशेषज्ञ
- स्त्री तथा प्रसुति रोग विशेषज्ञ

यहाँ रेबिजबिरुद्धको भ्याक्सीन लगाइन्छ। साथै प्याथोलोजी सेवा पनि उपलब्ध छ।
अदुवा पुल छेउ गणेश पेट्रोल पम्पसँगै बिर्तामोड, झापा (फोन: ०२३-५३२८४५)






**सिलिङ्ग सम्बन्धीको सम्पूर्ण काम गर्नुपरेमा हामीलाई सम्झनुहोस्**
यहाँ गुणस्तरीय सामानको प्रयोग गरी जिप्सन, फल्ससिलिङ, २x२ जिप्सन तथा २x२ सिमेन्ट बोर्ड सिलिङ्ग साथै पीभीसी सिलिङ्ग र सिमेन्ट बोर्ड पाटेसन सम्बन्धी सम्पूर्ण काम दक्ष प्राविधिकबाट गरिनुका साथै सिलिङ्ग सम्बन्धी सम्पूर्ण सामान होलसेल तथा खुद्रा मूल्यमा उपलब्ध छ। आजै सम्पर्क गर्नुहोस् मौकाको फाइदा लिनुहोस्।
बिर्तामोड : झापा फल्स सिलिङ्ग हाउस ९८१७९९७२१२, ९८२५९१४४३०
उर्लाबारी : उर्लाबारी इन्टेरियर डेकोर फोन नं. : ९८११३४८२४३

**कार्की ट्याक्सी सर्भिस**
दमक-बिर्तामोड-दानाबारी-जितपुर-मंगलबारे दैनिक सेवा रिजर्वको लागि पनि हामीलाई सम्झनुहोस्
छुट्ने समय
दमकबाट : बिहान ६ बजे
बिर्तामोडबाट : बिहान ७ बजे
मंगलबारेबाट : दिउसो १२ बजे
सम्पर्क (चालक)
सन्तोष ९८०६०१८१७४ ९८४०३८७६७५
जीवन कार्की ९८१७९४०१७३
मे १ ज १६७०

**हामीलाई सम्पर्क गर्नुहोस्**
सेक्युरिटीमा जागिर खानु परे वा सेक्युरिटी चाहिएमा हामीलाई सम्पर्क गर्नुहोस्। हामी तपाईहरुको आवश्यकता पूरा गर्नेछौं।
*नोट: सिबिल वा रिटायर जुनै भए पनि हुनेछ।*
सेभेन स्टर सेक्युरिटी सर्भिस प्रा. लि.
SEVEN STAR SECURITY SERVICE PVT. LTD.
फोन : ०२३-५९१०९५,
मो. ९८०१४१६८४०, ९८०१४१६८४१
मो. ९८०१४१६८४२, ९८०१४१६८४३

**आयुर्वेद उपचार**
यहाँ पाइल्स, फिस्टुला, फिसरको विशेषज्ञ डाक्टरद्वारा सफल उपचार गरिन्छ। साथै शरीरका सम्पूर्ण रोगहरुको पनि उपचार गरिन्छ।
सुश्रुत आयुर्वेद अस्पताल प्रा.लि.
काँकरभिट्टा रोड, बोलबम पेट्रोलपम्पसँगै काली मन्दिर छेउ, बिर्तामोड
सम्पर्क : ९८१८७९३९८६, ९८५२६८८९८६





**Ganapati Bakers**
Finest Bakery in town
गणपति बेकरीका परिकारहरुका लागि हामीलाई सम्झनुहोस्।
सम्पर्क नम्बर :
बिर्तामोड : ९८१०९४४५७७
काँकरभिट्टा : ९८२०५४४५७७
भद्रपुर : ९८२०१४४५७७

**ताप्लेजुङ -पाथीभरा सफल यात्रा**





बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बू, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस्।
ताप्लेजुङ पाथीभरा काउन्टर
मो. : ९८०३२५०४७२ ९८०१३६४०९३

DRISHTI Eye Care System
TRUSTED BY MORE THAN 1.1 MILLION+ PATIENTS
**प्रत्येक दिन आँखाको शल्यक्रिया**
१) मोतियाविन्दुको शल्यक्रिया
२) जलविन्दुको शल्यक्रिया
३) आँखाको पर्दा (रेटिना)को शल्यक्रिया
४) आँखाको डेढोपन (छड्के आँखा)को शल्यक्रिया
५) आँखाको नानी प्रत्यारोपण (शल्यक्रिया)
Visit our Website www.drishtieye.org
सबैका लागी दृष्टि सधैंका लागी दृष्टि

**आरोग्य मल्टि-स्पेसियलिटी डेन्टल क्लिनिक**
१५ वर्षको अनुभवसँग तपाईंको सेवामा :
हामीले प्रदान गर्ने सेवाहरू :
- दाँतका सम्पूर्ण समस्याको समाधान
- आर्थोडन्टिक उपचार (braces)
- दाँत सफा गर्ने (Scaling)
- ब्रिज, क्राउन र इम्प्लान्ट (implant)
- बालबालिका दाँत उपचार

निःशुल्क चेक-अप र आर्थोडन्टिक परामर्श लिनुहोस्! तपाईंको सेवामा!
हाम्रो स्थानहरू :
बिर्तामोडमा हिकोला रोड
फोन नं. ९८६९१८३०४२
शनिश्चरेमा NIC एशिया बैंकको तल फोन नं. ९८१७०५६११८

शुद्ध दूधको स्वस्थ उत्पादन
**कोसेली**
"सुखद् उत्सव होस वा पारिवारिक समारोहमा कोसेली सधैँ तपाईहरुको साथमा'
दूध तथा दूधबाट बनेका सम्पूर्ण उत्पादनहरु बिर्तामोड एरियामा होम डेलिभरीसहित उपलब्ध छ। साथै क्याटरिङ्ग तथा पार्टी भोजका लागि चाहिने सम्पूर्ण दूग्ध परिकार र मिनी रसवरी पनि उपलब्ध छ।
कालिका डेरी, कृषिथोक पूर्वगेट बिर्तामोड,
फोन नं.: ०२३-५३४१२९
९८५२६४४१२९, ९८०२३१३२७२

**सेफ्टी ट्यांकी चाहिएमा**
अब झापामा सेफ्टी ट्यांकी सफा गर्नु परेमा राम्रो सेफ्टी ट्यांकीलाई सम्पर्क गर्नुहोस्। *सस्तो, भरपर्दो, छिटो र छरितो सेवा उपलब्ध छ।*





सम्पर्क: शिवसताक्षी, कन्काई, बिर्तामोड, धुलाबारी, अर्जुनधारा, बुधबारे
देवराज गिरी
९८१३६७६६२२/९८४२०७०५८६/९७०६१९६४०६

**हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार**
पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार।
जाँच तथा उपचार हुने समस्याहरु
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ।

स्पार्क पूर्वाञ्चल अस्पताल, कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा
(फोन : ०२३-५३०१२३, ९८०३१५४६१९, ९८१४०३२६६२, ९७६२९००२८८)

**होटल समृद्धि सुरुङ्गा**






एसी हल, एसी रुम, बर्थ डे हल, शान्त वातावरणमा खाना/बस्नसहितको विशेष सुविधा अब होटल समृद्धि सुरुङ्गमा।
होटल समृद्धी
हरिकुल बोर्डिङ्ग छेउ, हाइवे उत्तर
कनकाई नपा, सुरुङ्गा, झापा
सम्पर्क : ९८२२१९५२७३, ९८५२६७१४२२

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला।
**झापा सेफ्टी ट्यांकी तथा ढल सफाई**





बिर्तामोड सम्पर्क राजुकुमार श्रेष्ठ ९८५२६४६००५, ९८०६०१०४१०, ९८४२६३४६२, ०२३-५४६००५
दमक सम्पर्क: देवी सिटौला ९८२४९७९१८५, ९८४२७६०२६५, ९८४२३३२४३०
झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ।